लहान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लहान, सिरहा

# शिलवन्दी दरभाउपत्र आह्वान सूचना

सूचना नं. ०४/२०७५/०७६

(प्रथम पटक प्रकाशित मितिः- २०७६/०३/०४)

चालु आ.व. २०७५/०७६ मा यस नगरपालिका क्षेत्रभित्र बृक्षारोपनकालागि आबश्यक बृक्ष सुरक्षा गार्ड निर्माण/आपूर्ति कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

निम्न :-

०१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७५/०७६ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (पान) प्रमाण पत्र र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयको शहरी विकास शाखाबाट दरभाउपत्र सम्वन्धि कागजात (**Bid Document**) खरिद गर्न सकिनेछ ।

०२. दरभाउपत्र सम्वन्धि कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फबाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागिमात्र मान्य हुनेछ । त्यस्तो अख्तियारी औचित्य हेरी जुनसुकै समयमा कार्यालयले रद्द गर्न सकिनेछ ।

०३. खरिद गरिएका दरभाउपत्र सम्वन्धि कागजातमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्टसंग लेखी १६ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको दरभाउपत्रहरु खोलिने कार्यमा बाधा पर्नेछैन । दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. एक निर्माण व्यवसायीको नामबाट खरिद गरेको दरभाउपत्र अर्को निर्माण व्यवसायीको नामबाट दर्ता गर्न पाइनेछैन ।

०५. शिलवन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं.०३६०३०००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको वाँणिज्य बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको) पेश गर्नुपर्नेछ ।

०६. दरभाउपत्र फाराममा भ्याट (**VAT**) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

०७. दरभाउपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन । दरभाउपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले सम्पन्न गर्नुपर्ने कामको विवरण, निर्माण स्थल, भौगोलिक अवस्था आदी सबै पक्षमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

०८. दरभाउपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन । दरभाउपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरी **web site** समेतमा राखिनेछ । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

०९. दरभाउपत्रसम्वन्धि विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग २०७६/०३/१० गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै निर्माण व्यवसायीहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१०. एकपटक दर्ता भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

११. कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्रको सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

१२. रीत्त नपुगी वा म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । दरभाउपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

तपसिलः-

| ठेक्का नं. | निर्माण कार्यको नाम र स्थान | लगत अनुमान रकम (कन्टेन्जेन्सी र भ्याट बाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| ०६/०७२/०७३ | बृक्ष सुरक्षा गार्ड निर्माण/आपूर्ति कार्य | १७,६६,०१३।४० | ४५,०००।- | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत